"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर–२, बागमती प्रदेश, नेपाल

# अन्तरनगर जिम्नाष्टिक प्रतियोगिता – २०८१

# <u>साँस्कृतिक नगर भक्तपुरको परिचय :</u>

स्थानीय नेपाल भाषामा ख्वप नामले चिनिने भक्तपुर काठमाडौं उपत्यकाको पूरानो नेवारी साँस्कृतिक केन्द्र हो । यो नगर नेपालको राजधानी काठमाडौंबाट १५ कि.मी. पूर्व र समुद्र सतहबाट १४०१ मिटर उचाइमा अवस्थित छ । यो नगर ६.८८ वर्ग कि.मी. मा फैलिएको छ । यस नगरमा ९० प्रतिशतभन्दा बढी नेवार र बाँकी ब्राम्हण, मुस्लिम र अन्य जातिहरु बसोबास गर्दछन् । वि.सं. २०७८ सालको जनगणनाअनुसार भक्तपुर जिल्लामा ३,०४,६५१ र ऐतिहासिक नगरी भक्तपुरमा ७९,१३६ जनसंख्या बसोबास गर्दछन् । यहाँका सम्पदा संरक्षणलाई प्रशंसा गर्दै युनेस्कोले यस शहरलाई सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । नेपालको लिखित इतिहास भक्तपुरको चाँगुनारायण मन्दिर परिसरमा रहेको लिच्छविकालिन शिलालेखबाट शुरु हुन्छ । जुजु धौ, कालो टोपी, हाकुप्रासी, टाइच्यून चिउरा, माटोको भाँडाकुडा र हस्तकला आदिले भक्तपुर नगरको परिचय र मौलिकता झल्काउँछ ।

नेपालको लिखित इतिहास भक्तपुरको चाँगुनारायणमा रहेको पाँचौ शताब्दीको लिच्छबीकालिन शिलालेखबाट प्रारम्भ भएको हो । भक्तपुर नगर सर्वप्रथम आठौं शताब्दीमा राजा आनन्द देवले स्थापना गरेको इतिहास पाइन्छ । यहाँको सबै भन्दा पूरानो मन्दिर दत्तात्रयको मन्दिर १५ औं शताब्दीमा राजा यक्ष मल्लको पालामा बनेको इतिहास छ । बाह्रौं शताब्दी देखि पन्ध्रौं शताब्दी सम्म नेपालको राजधानी नगरको रुपमा रहेको यो नगर १८ औं शताब्दी सम्म एउटा स्वतन्त्र राज्य थियो ।

भक्तपुर नगर राजनैतिक रुपमा १० वडामा विभाजित छ । भौगोलिक रुपमा यो नगर उडिरहेको परेवाको आकारमा पूर्व पश्चिम ४.५ कि.मी. लम्बाई र उत्तर दक्षिण १.५ कि.मी. चौडाइमा फैलिएको छ । यस नगरको उत्तरमा कासाङ र दक्षिणमा हनुमन्ते खोला तथा नगरभरि थुप्रै पोखरीहरु छरिरहेका छन् ।

भक्तपुर नगरको हावापानी काठमाडौं उपत्यकाको हावापानीसँग मिल्दोजुल्दो छ । यहाँको तापक्रम गर्मी याममा अधिकत्तम ३५ डिग्री सेल्सियस र हिउँदमा न्युनत्तम ३ डिग्री सेल्सियस सम्म पुग्दछ । यहाँको औसत वर्षा १३६२.२ मिलीमीटर र ९० प्रतिशत वर्षा मनसुनमा हुन्छ ।

भक्तपुर सहरमा केही हेक्टर जमिन मात्र कृषि उत्पादनको लागि प्रयोग हुन्छ । यहाँको मुख्य उत्पादन धान, गहुँ, मकै, हरियो सागपात र गेडागुडीहरु हुन् ।

भक्तपुर शहरमा एउटा सानो औद्योगिक क्षेत्र छ जहाँ कपडा, डेरी, काष्ठकला, रंग, सेरामिक्स, बुनाई, नेपाली कागज र धातुका सामग्रीहरुको उद्योगहरु सञ्चालित छन्। यस शहरको पर्यटनको विकासको लागि औद्योगिक क्षेत्रलाई स्थानीय सीपमा आधारित हस्तकला औद्योगिक क्षेत्रमा परिणत गर्नु पर्ने देखिन्छ। धान, चिउरा, काष्ठकला उद्योग र फर्निचर उद्योग, सिलाई तथा बुनाई, पौभा र थाङ्का लेखन, गलैंचा, धातुको सामग्री, माटोको भाँडाकुँडा आदि यस शहरका अन्य मुख्य उत्पादनहरु हुन्।

यस शहरका हस्तकलाका उत्पादनहरु उच्च गुणस्तरका छन्। काष्ठकला, थाङ्का र पौभाचित्र, नेपाली कागजका सामग्री, पुतली, ऊनको सामग्री, धातुकला, गहना, प्रस्तरकला, मृतिकाकला आदी यहाँका प्रमुख हस्तकलाका उत्पादनहरु हुन्।

यस शहरमा (१–८) २८ वटा आधारभूत विद्यालय, (१–१०) ५३ वटा, (१–१२) १० वटा माध्यमिक विद्यालय, ८ वटा कलेज र दुईवटा प्राविधिक शिक्षण संस्थाहरु रहेका छन्। यी संस्थाहरुमा विभिन्न संकायहरुमा हजारौं विद्यार्थीहरु अध्ययनरत छन्। भक्तपुर नगरपालिका आफैले ४ वटा कलेज, २ वटा मावि र एउटा बहुप्राविधिक अध्ययन संस्थान सञ्चालन गरिरहेका छन्। यी शैक्षिक संस्थाहरुमा नेपालका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरु विभिन्न संकाय र विषयहरुमा न्युन शुल्कमा उच्च शिक्षा अध्ययन गरिरहेका छन्।

हाल यस शहरमा ५ वटा अस्पतालहरु र २ वटा जन स्वास्थ्य केन्द्र तथा २ वटा सहरी स्वास्थ्य केन्द्रहरु रहेका छन्। यीमध्ये एउटा बालबालिका र महिला रोगसँग सम्बन्धित छ, एउटा अर्वुद्ध रोग सम्बन्धित, अर्को एउटा मानव अंग प्रत्यारोपणसँग सम्बन्धित र बाँकी २ वटा सामान्य रोगहरुको उपचारसँग सम्बन्धित छन्। जनस्वास्थ्य केन्द्रहरु र ख्वप अस्पताल नगरपालिका आफैले सञ्चालन गरिरहेको छ। 'जीवित सम्पदा' र जीवित संग्रहालयको रुपमा रहेको भक्तपुरले नेवारी संस्कृतिको विविध आयामहरुलाई विश्वसामु प्रस्तुत गर्दै आएका छन्। स्थानीय नेवारहरुका चाँड पर्व, मौलिक जीवनशैली, संस्कार, दाफा, दाफाभजन, गुठी, परम्परागत बाजागाजा र नृत्य समूहहरूले यहाँको अमूर्त कलालाई जीवन प्रदान गरिरहेको छ।

विस्का जात्रा, गाईजात्रा, दशैं, तिहार, आदि यो शहरका प्रमुख जात्राहरु हुन्। भक्तपुर आउने सबै पाहुनाहरुले यहाँका दैनिक सांस्कृतिक गतिबिधि जस्तै दाफाभजन, पूजाआजा, साँस्कृतिक नाचगान, संस्कार, मौलिक नेवारी पोशाक र जीवनशैली आदि प्रत्येक्ष अनुभव गर्न सकिन्छ। यी जीवित सम्पदाहरु पुस्तौं पुस्ता देखि एक पुस्ताबाट अर्को पुस्तामा नटुटिने गरि सीप हस्तान्तरण हुँदै आएको छ।

# भक्तपुर नगरपालिकाद्वारा आयोजित

# अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता २०८१ को नियमावली :

१. नगरपालिकाद्वारा आयोजित अन्तरनगर जिम्नाष्टिक प्रतियोगिता २०८१ रहने छ ।

२. यस प्रतियोगिताको आयोजक भक्तपुर नगरपालिका रहने छ । प्रतियोगिता सञ्चालन गर्न गठित १५१ सदस्यीय मूल आयोजक समिति नै आयोजक समितिको रूपमा रहने छ ।

३. प्रतियोगिता मितिः यस प्रतियोगिता मिति २०८१ चैत्र २३, २४, र २५ गते सञ्चालन हुने छ ।

४. यस प्रतियोगिताका सम्पूर्ण खेलहरू भक्तपुर-२ स्थित शहीद स्मृति खेल मैदान वा भक्तपुर नगरपालिकाका कभर्ड हलहरूमा सञ्चालन हुने छन् ।

५. सहभागी टिम दर्ताः यस प्रतियोगितामा नेपाल भरका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका हरू सहभागी हुन सक्नेछ ।

- प्रतियोगितामा सहभागी पालिकाहरूले आयोजकले उपलब्ध गराएको फारम रितपूर्वक भरी दर्ता शुल्क प्रति नगरपालिकाले रु ५,००० (पाँच हजार) सहित मिति २०८१ चैत्र १५ गतेभित्र अनिवार्य रूपमा टिम दर्ता गराइ सक्नु पर्ने छ । दर्ता गर्दा खेलाडीको दर्ता फारम, २ वटा पासपोर्ट साइजको फोटो, नागरिकता/जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रितपूर्वक नगरपालिकाबाट सिफारिस गरिएको हुनु पर्नेछ ।

६. प्रतियोगितामा एक महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाको एक समूहले मात्र सहभागिता जनाउन सक्ने छ । सो टिममा सिनियर ब्वाइज, जुनियर ब्वाइज, सिनियर गर्ल्स र जुनियर गर्ल्स को बिधा हुनेछ । सहभागी नगरपालिकाले आफ्नो नगरपालिकाको १ वटा झण्डा र ब्यानर ल्याउनु पर्नेछ।

७. सहभागी हुन आउने नगरपालिकाले आउन जानको लागि यातायात भाडा र उक्त दिनको खाना खर्च सहभागी नगरपालिकाले नै व्यहोर्नु पर्ने छ। सहभागी टिमहरू खेल सुरु हुनु भन्दा एक दिन अघि नै खेल स्थलमा आइपुग्नुपर्ने छ। उपत्यका भित्रका नगरपालिकाको हकमा आवासको व्यवस्था हुने छैन भने खेल अवधिभर खानाको व्यवस्था हुने छ ।

८. उपत्यका बाहिरका नगरपालिकाहरूलाई खेल सुरु हुनु भन्दा एक दिन अघि देखि अन्त्यसम्म नै खाना र बसोबासको व्यवस्था (खेल अवधि भर) आयोजक नगरपालिकाले गर्नेछ ।

९. खेलको नियमः यस प्रतियोगिताका खेलहरू नेपाल जिम्नास्टिक्स संघको नियमको अधिनमा रहनेछन् र भक्तपुर जिल्ला जिम्नाष्टिक संघको प्राविधिक सहयोगमा खेलाइनेछ ।

१०. एक पटक एउटा टिमबाट नाम दर्ता गरिसकेपछि, अर्को टिमबाट खेल्न वा नाम संशोधन गर्न पाउने छैन ।

११. आधिकारिक बैठकः मिति २०८१ चैत्र २२ गते साँझ सम्पूर्ण सहभागी टिमका अधिकारीहरूको बैठक हुनेछ। जसमा सम्पूर्ण अधिकारीहरूको अनिवार्य उपस्थिति हुनुपर्नेछ। कुनै टिमका प्रतिनिधि उपस्थिति नभए पनि बैठक बस्न बाधा हुने छैन ।

१२. खेल तालिकाः यस प्रतियोगिताको खेल तालिका सो आधिकारीहरूको बैठकमा जानकारी गरिनेछ। यदि कुनै टिमका आधिकारी सो बैठकमा उपस्थित हुन नसकेमा आयोजकले तयार पारेको खेल तालिकालाई नै निशर्त स्वीकार गर्नुपर्ने छ। कुनै आकस्मिक र प्राविधिक कारणले खेल तालिका परिवर्तन गर्नु परेमा सो को अधिकार आयोजक समितिको प्राविधिक समितिमा निहित रहने छ। त्यसमा कुनै उजुर र दाबी विरोध गर्न पाउने छैन

१३. प्रोत्साहन पुरस्कार र प्रमाणपत्रः यस प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने नगरपालिकालाई शिल्ड, पदक र प्रमाणपत्रका साथै विजयी खेलाडीहरुलाई नगद पुरस्कार प्रदान गरिने छ।

१४. ग्राउन्ड रिपोर्टिङः प्रतियोगिता सञ्चालनको लागि प्रकाशित खेल तालिका अनुसार आनो टिमको खेल सुरु हुनु भन्दा आधा घण्टा अघि ग्राउन्ड रिपोर्टिङ गर्नु पर्ने छ।

१५. प्रतियोगिता रेफ्री र अनुशासन समितिः प्रतियोगिताका खेलहरू सञ्चालन गर्नको लागि निर्णयक समिति र अनुशासन समिति रहने छन् ।

१६. खेल छोड्दाः कुनै पनि नगरपालिकाको टिमले एकपटक सहभागिता जनाइसकेपछि खेल बीचमा छोड्न पाउने छैन। यदि कुनै टिमले बीचमा खेल छोडेमा, त्यस टिमलाई नगद रु. ५,००० (पाँच हजार) जरिवाना गरिने छ।

१७. स्थगित खेलः प्राकृतिक प्रकोप, खराब मौसमका कारण खेल मैदान खेल्न योग्य नभएमा साथै अन्य कुनै कारणवश खेल स्थगित भएको अवस्थामा सो खेल पुनः सञ्चालन गर्न आयोजक समितिले स्थगित भएको खेल सुरु हुनु भन्दा कम्तिमा एक घण्टा अगाडि सूचना दिनेछ। स्थगित खेलको मिति, समय र स्थानको निर्धारण गरिने छ। यससँग सम्बन्धित कुनै दाबी वा विरोध गर्न पाउने छैन

१८. प्राथमिक उपचार: प्रतियोगिताको दौरान कुनै खेलाडीलाई कुनै किसिमको चोटपटक लागेमा, प्राथमिक उपचार आयोजकले गर्नेछ भने त्यस भन्दा बाहेकको औषधी उपचार र अन्य खर्च सम्बन्धित नगरपालिकाले नै व्यहोरिनु पर्ने छ।

१९. खेलाडी बीमा: यस प्रतियोगितामा सहभागी हुने सम्पूर्ण खेलाडीहरूलाई खेलको दौरान कुनै किसिमको चोटपटक लागेमा, रु. १,००,००० (एक लाख) सम्मको खेलाडी दुर्घटना/औषधि उपचारको बीमा हुने छ।

२०. प्रतियोगितामा खेलको दौरान निर्णायकको निर्णय अन्तिम हुनेछ।

२१. प्रतियोगिताका खेलहरू रबर म्याटमाथि जिम्न्यास्टिक्स म्याट बिछ्याएर खेलाइने छ।

२२. दाबी/विरोध (Protest):प्रतियोगिताको अवधिभर कुनै किसिमको विवाद अथवा निर्णयप्रति असहमति भएमा, खेल समाप्त भएको ३० मिनेट भित्र आयोजक समितिको प्राविधिक समिति समक्ष लिखित निवेदन पेश गर्नुपर्छ। यसका लागि रु १०,०००/- (दस हजार रुपैयाँ) दस्तुर तिर्नु पर्नेछ। आयोजक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ, र त्यस निर्णयलाई कुनै पुनरावलोकन वा अपिल गर्न मिल्ने छैन।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

# भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर–२, बागमती प्रदेश, नेपाल

# अन्तरनगर जिम्नाष्टिक प्रतियोगिता – २०८१

## खेलाडी दर्ता फारम

फोटो

नाम, थर : ..........................................................................................

ठेगाना : ..............................................................................................

सम्पर्क नं : ..........................................................................................

जन्म दर्ता नं : ....................................................    लिङ्ग : ...............

प्रतिनिधित्व गर्ने पालिकाको नाम : ...............................................................

प्रतिनिधित्व गर्ने पालिकाको ठेगाना : ...........................................................

खेल विधा : ☐ सिनियर ब्वाइज ☐ जुनियर ब्वाइज ☐ सिनियर गर्ल्स ☐ जुनियर गर्ल्स

विद्यालयको नाम : ..................................................................................................

प्रशिक्षको नाम : ................................................    सम्पर्क नं : ............................

व्यवस्थापकको नाम : ...........................................    सम्पर्क नं : ............................

अभिभावकको नाम : ............................................    सम्पर्क नं : ............................

खेलाडिको स्वास्थ्य विवरण : ..........................................................................................

.................................................................................................................................

आवश्यक कागजातहरु :

१. हालसालै खिचिएको फोटो २ प्रति
२. प्रतिनिधित्व गर्ने पालिकाको सिफारिस
३. नागरिकता/जन्म दर्ताको प्रतिलिपि

खेलाडीको दस्तखत :

पालिकाको छाप तथा दस्तखत :